**बैठक संख्या: ८३**

आज मिति २०८३।०४।२७ गतेका दिनको ३:०० बजे माडी नगरपालिकाको कार्यपालिकाको बैठक नगर प्रमुख श्री तारा कुमारी काजी महतोज्युको अध्यक्षतामा देहायको उपस्थितिमा तपसिल अनुसारका निर्णयहरु गरियो ।

**उपस्थिती :**

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | तारा कुमारी काजी महतो | नगर प्रमुख | |
| २ | खेम प्रसाद महतो | नगर उप-प्रमुख | |
| ३ | जय नारायण लामिछाने | का. वडा अध्यक्ष वडा नं.१ | |
| ४ | दण्डपाणी पौडेल | वडा अध्यक्ष वडा नं.२ | |
| ५ | पुरन महतो | वडा अध्यक्ष वडा नं.३ | |
| ६ | माधव प्रसाद चापागाइ | वडा अध्यक्ष वडा नं.४ | |
| ७ | गणेश प्रसाद विश्वकर्मा | वडा अध्यक्ष वडा नं.५ | |
| ८ | दीपेन्द्र राज पौडेल | वडा अध्यक्ष वडा नं.६ | |
| ९ | गितादेवी बि.क. | का.वडा अध्यक्ष वडा नं.७ | |
| १० | वीरेन्द्र बहादुर भण्डारी | वडा अध्यक्ष वडा नं.८ | |
| ११ | घनश्याम दवाडी | वडा अध्यक्ष वडा नं.९ | |
| १२ | रिचा सुनार | कार्यपालिका सदस्य | |
| १३ | सबिता महतो | कार्यपालिका सदस्य | |
| १४ | लक्ष्मी देवी भण्डारी | कार्यपालिका सदस्य | |
| १५ | सीता सुवेदी | कार्यपालिका सदस्य | |
| १६ | बिना थापा | कार्यपालिका सदस्य | |
| १७ | सन्तोष प्रसाद बोट | कार्यपालिका सदस्य | |
| १८ | कमल बहादुर भुजेल | कार्यपालिका सदस्य | |
| १९ | जगत प्रसाद भुसाल | प्रमुख प्रशासकीय अधिकृत | |

# ८३ औं कार्यपालिका बैठकका निर्णयहरु

निर्णय नं.१. माडी नगरपालिकाको ८२ औं कार्यपालिका बैठकका निर्णयहरुको कार्यान्वयनको समिक्षा गरियो र कार्यान्वयनको अवस्था सन्तोषजनक पाईयो।

निर्णय नं.२. माडी नगरपालिकाको आ.व. २०८३/८४ को पालिकाको दररेट स्वीकृत गर्ने ।

निर्णय नं.३. आ.व. २०८२/८३ को संघ तथा प्रदेश समपुरक र विशेष अनुदान मार्फत संचालन भई कार्य सम्पन्न नभएका तथा म्याद सकिएका देहाय बमोजिमका योजनाहरुको सार्वजनिक खरिद (पन्धौ संसोधन) नियमावाली, २०८३ अनुसार म्याद थप गर्ने ।

देहायः

| क्र.स. | योजनाको नाम | कार्य गर्ने समयसीमा | कैफियत |
|---|---|---|---|
| १. | सिधुवा चोकबाट ४ नम्बर वडा कार्यालय हुँदै वडा नं ५ जोड्ने बाटो तथा सिधुवा क्लबदेखि वडा नं २ पुग्ने सडक कालोपत्रे वडा नं ४ | २०८३ कार्तिक १६ गते | |
| २. | एनसेल टावरबाट शिवद्वार, दिवानगर राईटोल हुँदै कल्याणपुरसम्म सडक कालोपत्रे | २०८३ कार्तिक १६ गते | |
| ३. | दिवाकर स्मृति माध्यामिक विद्यालयको भवन निर्माण | २०८३ साउन १५ गते | २०८३ साउन १२ गते कार्य सम्पन्न भएको |

निर्णय नं.४. माडी नगरपालिकाले गरिरहेको पुराना घरहरुको अभिलेखिकरण कार्यको समयसिमा २०८३ पौष मसान्त सम्मलाई बढाउने ।

निर्णय नं.५. यस नगरपालिकाको भवन निर्माण तथा घर नक्सा नियमन कार्यविधि २०७९ को दफा १३ को बुँदा न.१० मा त्यस्ता क्षेत्र साना नदिनाला बाट न्यूनतम १० मिटरको सट्टा देहाय अनुसारको सेट ब्याक कायम गर्ने ।

देहायः

- कुलोको छेउमा घर तथा भवन निर्माण गर्दा २ मिटर
- नालाको छेउमा घर तथा भवन निर्माण गर्दा ३ मिटर

निर्णय नं.६. यस नगरपालिकाको देहाय अनुसारका कार्यविधिहरु स्वीकृत गर्ने।

देहायः

- माडी नगरपालिकाको कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि-२०८३
- माडी नगरपालिकाको लैङ्गिक हिंसा सम्बन्धी प्रेषण सम्बन्धी कार्यविधि-२०८३

निर्णय नं.७. यस नगरपालिकाको नगरसभाबाट आफ्नो अधिकार क्षेत्र बाहेक कुनै पनि क्षेत्रमा करारोपण नगरेको स्व-घोषणा गरियो।

निर्णय नं.८. अंशबन्डा हुँदा बुवा/आमा को नाममा रहेको जग्गा जुन सुकै क्षेत्र मा परेता पनि अंशियारहरु वीच भागवण्डा लगाउन भूमि प्रशासन कार्यालय माडी र नापी कार्यालय माडीलाई सिफारीस गर्ने।

माडी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बसन्तपुर, चितवन बागमती प्रदेश, नेपाल २०७३

तारा कुमारी काजी महतो
नगर प्रमुख

जगत प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत